**kummayak Rural Municipality**
**Office of the Rural Municipal Executive**
Yasok, Panchthar

**Invitation Sealed quotation**

## नदीजन्य पदार्थ उत्खनन् सङ्कलन तथा विक्री गर्ने ठेक्का बन्दोबस्ती सम्बन्धी ७ दिने सूचना !

1st Date of publication: 17 **Jyly, 2026**

स्थानीय सरकार सन्चालन ऐन,२०७४ को दफा ६२ (क) को उपदफा(१) तथा सोही ऐनको दफा ११ को उपदफा(२) को खण्ड घ को (६) वमोजिम कुम्मायक गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयले तमोर नदी तथा सावाखोला क्षेत्रको ढुङ्गा,गिट्टी तथा बालुवा उत्खनन्, सङ्कलन तथा विक्री मूल्य असुली गर्न तपशिल वमोजिमको तोकिएको परिमाणमा ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईजाजत प्राप्त फर्म वा कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि(नविकरण सहित), मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र तथा आ.व. २०८१/८२ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गरी ईजाजत प्राप्त इच्छुक फर्म वा कम्पनिहरुले तोकिएको अवधिमा रही न्यूनतम रकम भन्दा बढी रकममा कबोल गर्नको लागि यो सूचना सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ।

तपशिल:

| क्र.स | विवरण | ठेक्का न. | इकाइ | परिमाण | न्यूनतम कबोल रकम रु ( मु.अ.क. बाहेक) | बोलपत्र दस्तुर | विड सेक्युरिटि रकम १२० दिनको | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1.0 | सावाखोला बगर क्षेत्रको बगर यवुनिको ( 110 मिटर लम्बाई, 30 मिटर चौडाई र 0.8 मिटर उचाई ढुङ्गा, गिट्टी र वालुवा ( प्रारम्भिक वातावरणीय अध्ययनबाट यकिन भएको परिमाण) | RAJASHWA/ K/2083/84-04 | Cubic Feet | 68897.49 | 4,82,282.43 | 1000 | कवोल अंकको ५ प्रतिशत | Daily 255.18 cuft ( Ashoj 1st -Jesth masanta)/9 month/Rate use gaukaryapalika rate 2083/84 |

1. बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले ७ औ दिन (श्रावण ७ गते) को १२:०० भित्र कुम्मायक गाउँपालिकामा उपस्थित भई गोप्य शिलबन्दि दरभाउपत्र दर्ता गराउनु पर्नेछ।
2. शीलबन्दी दरभाउपत्र फारम तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी ) तिरी तोकिएको मिति र समय भित्र यस कार्यालयको राजस्व व्यवस्थापन शाखामा दाखिला गर्न सकिने वा कुम्मायक गाउँपालिकाको नाममा रहेको नेपाल इन्भेष्टमेन्ट बैंकको राजस्व खाता नं. **GA 1.1 KUMMAYAK GA.PA. AANTARIK RAJASHO KHATA: 16901400000130** मा दाखिला गर्न सकिने सो को भौचर दरभाउपत्र पेश गर्दा संलग्न राख्नु पर्ने छ।
3. शीलबन्दी दरभाउपत्रसाथ कबोल गरेको अङकको ५% ले हुन आउने रकम जमानत बापत यस कार्यालयको नाममा रहेको नेपाल इन्भेष्टमेन्ट बैंकको कुम्मायकको धरौटी खाता नं. **GA 3.1 KUMMAYAK GA.PA. DHARAUTI KHATA 16901400000055** मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त “क” वर्गको वाणिज्य बैंकबाट कम्तिमा ९० दिन म्याद कायम रहेको बैंक जमानत पत्र संलग्न राखी दरखास्त पेश गर्न सकिनेछ।
4. शिलबन्दी दरभाउपत्र फारम खरिद गर्ने अन्तिम दिन वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट उल्लिखित कार्यहरु गरिनेछ।
5. छुट्टा-छुट्टै ठेक्काको दरभाउपत्र फारम छुट्टा-छुट्टै खाममा शिलबन्दी गरी खामको बाहिर ठेक्काको विषय खोली पेश गर्ने फर्म वा कम्पनीको नाम र छाप स्पष्ट लेखी यस कार्यालयको नाम उल्लेख गरि पेश गर्नु पर्नेछ।

6. बोलपत्र दर्ता भएको दिनको १:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरुको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ र बोलपत्र खोलिने समयमा बोलपत्रदाताहरुको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
7. बोलपत्रदाताहरुले www.kummayakmun.gov.np मा आवश्यक कागजात सहित कबोल रकम एकमुष्ट मु.अ.कर बाहेक प्रविष्ट गर्नुपर्नेछ। उक्त सिस्टमले मु.अ.कर स्वत गणना गरी मु.अ.कर सहितको कुल कबोल अंक देखाउनेछ ।
8. बोलपत्र दाखिला गर्ने अन्तिम दिन वा बोलपत्र खोलिने दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन बोलपत्र खोलिनेछ।
9. .छनौट भएको बोलपत्र दाताले कबोल गरेको भ्याट सहितको एकमुस्ट रकम वुझाएर समझौता गरेमा जम्मा गरेमा मु.अ.कर बाहेकको रकममा १० % छुट दिइनेछ ।
10. एकमुष्ट रकम जम्मा गर्न नसक्ने भएमा कबोल गरेको मु.अ.कर सहितको रकमको 50 % रकम गाउँपालिकाको विभाज्य कोष खातामा जम्मा गरेको सक्कल बैंक भौचर र बाकी 50 % रकमको हकमा सो रकम बराबारको बैंक जमानत सहित सम्झौता गर्न आउनुपर्नेछ । बैंक जमानत सम्झौता अन्त्य हुने मितिबाट थप ६० दिनको पेश गर्नुपर्नेछ । बाँकी रहेको (कबोल गरेको मु.अ.कर सहितको रकमको 50 % रकम मध्ये आधा रकम २०८३ चैत्र मसान्त भित्र र बाँकी आधा रकम २०८४ बैशाख मसान्त भित्र कुम्मायक गाउँपालिकामा दाखिला गर्नुपर्नेछ। उल्लेखित शर्त पुरा नभएमा तत्काल बैंक जमानत जफत गर्नका लागि प्रकृया अगाडी बढाइनेछ ।
11. नदिजन्य पदार्थको उत्खनन् सङ्कलन समय बिहान ६ बजे देखी बेलुका ६ बजे सम्म मात्र हुनेछ । सो अवधि भन्दा बाहेक नदी क्षेत्रमा कुनै प्रकारको उत्खनन् गर्न पाइनेछैन । उत्खनन् गरेको पाइएमा जरिमाना सहित ठेक्का सम्झौता रद्द समेत गर्न सक्नेछ ।
12. ठेक्काको अवधि सम्झौता मिति देखी २०८४ जेष्ट मसान्त सम्मको लागि मात्र हुनेछ यदि तोकिएको अवधि भन्दा पहिले तोकिएको परिमाण उत्खनन भएको खण्डमा उत्खनन गर्न रोक लगाइनेछ र ठेक्काको म्याद समेत उत्खनन् परिमाण समाप्त भए संगै स्वतः समाप्त हुनेछ ।
13. ठेक्का सम्झौता भइसकेपछि कुनै बन्द, हडताल वा कुनै मानव सिर्जित कारणबाट हुने अवरोध भएको भनि छुट माग गर्न पाइने छैन र सोहि कारणबाट ठेक्का रकममा कुनै प्रकारको छुट, मिनाहा, माफी दिइने छैन ।
14. नदिजन्य पदार्थ उत्खनन् सङ्कलन तथा बिक्री शुल्क प्रदेश सरकारले तोके बमोजिमको दरले सङ्कलन गर्नुपर्नेछ ।
15. यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियम अनुसार कारबाही भई ठेक्का रद्द समेत हुन सक्नेछ ।
16. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा निहित रहनेछ ।
17. बोलपत्रदाताले ठेक्का भोग चलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोशिम काम गर्नु पर्नेछ । बोलपत्रदाता तथा गाउँपालिका बीच कुनै किसिमको मतभिन्नता भएमा गाउँपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।
18. नदी वा खोलाहरुमा उत्खनन तथा सङ्कलन गर्दा हेभि इक्विप्मेन्ट प्रयोग सम्बन्धी व्यवस्था IEE प्रतिवेदन बमोजिम हुनेछ ।
19. नदिजन्य पदार्थ उत्खनन् सङ्कलन गर्दा प्राकतिक धारा किनारा घाट, पुल पुलेसा, लोकमार्ग तथा सार्वजनिक स्थललाई क्षति नपुग्ने गरी IEE ले तोके बमोजिम मात्र ढुङ्गा, गिट्टी, बालुवा र भरौट उठाउनु पर्नेछ ।
20. प्रारम्भिक वातावरणीय प्रतिवेदनमा उल्लेख भएको शर्तको अधिनमा रहि नदिजन्य पदार्थ उत्खनन् सङ्कलन गर्नु पर्नेछ साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय प्रतिवेदन यस बोलपत्रको अभिन्न अंग हुनेछ ।
21. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी पेश भएको बोलपत्र माथी कुनै कारवाही गरिने छैन ।
22. एक फर्म वा संस्थाको नाममा खरीद गरिएको बोलपत्र अर्को फरम वा संस्थाको नाममा दाखिला गर्न पाइने छैन ।
23. ठेक्का तथा विड डकुमेन्ट सम्बन्धी अन्य जानकारीको लागि बोलपत्रदाताले **www.kummayakmun.gov.np** मार्फत जानकारी प्राप्त गर्न सक्नेछ । साथै गाउँपालिकाको इमेलमा kummayakgaupalika@gmail.com समेत ईमेल गरि जानकारी लिन सकिने छ ।

**Chief Administrative Officer**